ADVERTISEMENT


Muncha.com
Send Gifts for Teej from Muncha.com
SHOP NOW

75
SHARES



# भूकम्पपीडितलाई संयुक्त पुर्जा

जोखिमयुक्त बस्तीकालाई स्थानान्तरण

श्रावण १६, २०७५ | प्रताप विष्ट

संग्रह  सेयर

हेटौंडा — मकवानपुर राक्सिराङ गाउँपालिकाका भूकम्प प्रभावित ८ परिवारले मंगलबार दम्पतीका नाममा जग्गाधनी पुर्जा लिएका छन्। राक्सिराङ गाउँपालिकाका–४ पञ्जनीका ४ र ७ का ४ पीडित परिवारलाई सुरक्षित स्थानमा बस्ती स्थानान्तरण जग्गा दिइएको हो।




ADVERTISEMENT


Muncha.com

०७२ को विनाशकारी भूकम्पका कारण भौगोलिक रुपमा जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने भनी प्राधिकरणले निर्धारण गरेको मकवानपुरका १४ परिवारमध्ये १० का लागि जग्गा खरिद गरिसकेकाले ८ परिवारलाई जिसस प्रमुख रघुनाथ खुलालले संयुक्त जग्गाधनी पुर्जा प्रदान गरेका हुन्।

राक्सिराङ गाउँपालिका र जिल्ला आयोजना कार्यान्वयन इकाई आयोजना तथा दिगो समाधान परियोजनाको सहजीकरणमा स्थानान्तरण गर्न जग्गा प्रदान गरिएको हो। ८ लाभग्राहीमध्ये ४ लाई मनहरीको चैनपुर र ४ लाई मनहरीकै सुनाचुरीमा जग्गा खरिद गरिएको छ। संयुक्त लालपुर्जा पाउने भूकम्प प्रभावितमा राक्सिराङ ७ काँकडाका राममाया/आकाश चेपाङ, साइला/साइली चेपाङ, अरुण/निरमाया चेपाङ, किरणबहादुर/लालमाया चेपाङ रहेका छन्।

उनीहरूलाई मनहरीको सुनाचुरीमा जग्गा उपलब्ध गरिएको छ। यसैगरी, राक्सिराङ ४ पजनीका अमरबहादुर मुक्तान, कुवेर मुक्तान/विष्णुमाया थिङ, हरिराम/ठूलीमाया चेपाङलाई मनहरीको चैनपुरमा संयुक्त लालपुर्जा दिइएको छ। प्रत्येक परिवारलाई १०/१० धुर १ लाख ८० हजारदेखि २ लाख रुपैयाँसम्मको जग्गा खरिद गरिएको थियो। लाभग्राहीका पतिपत्नीका नाममा संयुक्त लालपुर्जा बनाइएको छ। जग्गा खरिद गर्न रकम जिल्ला आयोजना कार्यान्वयन इकाईले उपलब्ध गराएको हो।

लालपुर्जा लिँदै राक्सिराङ ७ की राममाया चेपाङ ढिला भए पनि सुरक्षित ठाउँमा बस्न पाउने हुँदा खुसी जनाइन्। मकवानपुरमा भूकम्प प्रभावित जोखिम परिवार १४ मध्ये तीन परिवारको जग्गा खरिद गर्न बाँकी छ। १ लाभग्राहीको अन्यत्र घरसमेत बनाइसकेको आयोजना कार्यान्वयन इकाईका प्रमुख सोमराज तिमिल्सिनाले बताए।

मकवानपुरमा ३१ हजार ८ सय १७ भूकम्प प्रभावित लाभग्राही रहेकामा हाल गुनासो फस्र्योटबाट १ हजार ४ सय ४३ पुन: थप भएर ३३ हजार २ सय ६६ पुगेको छ। तीमध्ये हालसम्म २५ हजार २ सय ८६ (७९ प्रतिशत) ले अनुदान सम्झौता गरेका छन्। जसमध्ये २४ हजार ३ सय ३० (९६ प्रतिशत) ले पहिलो किस्ताको रकम लिइसकेका छन् भने ७ हजार ९ सय ४८ (२६ प्रतिशत) ले मात्र तेस्रो किस्ता लिएका छन्। तेस्रो किस्ता भुक्तानीका लागि ८ हजार ९ सय ७७ ले निवेदन दिएको तिमिल्सिनाले जनाए। हालसम्म जिल्लामा ७ हजार ८ सय ३५ घर पुनर्निर्माण भएका छन्।

प्रकाशित : श्रावण १६, २०७५ १०:५६